आज मिति २०७४/साल कार्तिक १५ गते बुधबारका दिन यस  लामिडाँडा कार्यपालिकाका अध्यक्ष श्री लिलानाथ निरौला ज्यूको अध्यक्षतामा  तपशिलको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वसि तपसिलका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

## प्रस्तावहरु ।

१. योजना सम्झौता सम्बन्धमा  ।

२.थप जिम्मेवारी सम्बन्धमा  ।

३.कार्यपालिकाको नियमित बैठक सम्बन्धमा ।

४. कर्मचारीलाई प्रोत्साहन भत्ता सम्बन्धमा  ।

५.कृषि र पशुसेवा अन्तर्गतका कर्मचारीहरुलाई थप जिम्मेवारी दिने सम्बन्धमा  ।

६.वडाको सवारी साधनको मर्मत सम्बन्धमा ।

७. गा.पा. को लागी सवारी साधन भाडामा लिने सम्बन्धमा  ।

८. भेटनरीको लागि औषधी खरिद सम्बन्धमा  ।

९.विविध सम्बन्धमा  ।

**प्रस्ताव नं.** १ माथि छलफल गर्दा गा.पा. वाट योजना तथा कार्यक्रम हरुमा विनियोजित रकम मध्ये १ लाख भन्दा साना योजनाहरु उपभोक्ता समिति संचालन निर्देशिका बमोजिम वडा वाटै सम्झौता गरी आवश्यक प्रकृयाका लागि गा.पा.मा सम्पुर्ण कागजातहरु पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.** २ माथि छलफल गर्दा गा.पा.को १ नं वडा कार्यालयमा कार्यरत प्रा.स. श्री इन्द्र पौडेललाई गा.पा.को वडा नं.१,२,३ मा प्राविधिक सहायकको रुपमा थप जिम्मेवारी तथा गा.पा.को ६ नं वडा कार्यालयमा कार्यरत प्रा.स. श्री शिवकुमार कार्किलाई गा.पा. को वडा नं. ४,५,६ मा प्रा.स.को रुपमा नियमित कार्य गर्नेगरी थप जिम्मेवारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं.** ३ माथि छलफल गर्दा गाउँ कार्यपालिकाको  नियमित वैठक हरेक महिनाको १ गते बस्ने निर्णय गरियो ।

**प्रस्ताव नं.** ४ माथि छलफल गर्दा गा.पा र गा.पा  का वडा कार्यालयका कर्मचारीहरुलाई मासिक तलबको ५ प्रतिशत देखि २० प्रतिशत सम्म कार्य सम्पादन सुचक तयार गरी सोही सुचक कमोजिम आन्तिरिक स्रोतको आधारमा प्रोत्साहन भता दिने निर्णय गरियो ।

**प्रस्ताव नं.** ५ माथि छलफल गर्दा कृषि र पशुसेवा अर्न्तगतका कर्मचारीहरुलाई गा.पा. को सम्पुर्ण वडाहरुमा सेवा गर्ने गरी थप जिम्मेवारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं.** ६ माथि छलफल गर्दा  गा.पा.ले सम्पुर्ण वडाका सवारी साधन मर्मत सम्भार गरिदिने निर्णय गरियो ।

**प्रस्ताव नं.** . ७ माथि छलफल गर्दा गा.पा.योजना अनुगमन मुल्याङ्क  एंवकार्यालयका विविध क्रियाकलाप संचालन गर्न कठिनाई भएकोले सवारी  साधन भाडामा लिई संचालन  गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.** ८ माथि छलफल गर्दा  भेटनरीकमा लागि औषधीखरिद अन्य विविध सामाजिक विकास कार्यक्रम संचालन वाट २००००० विनियोजन गरी पशुसेवाको संयोजक वाट आवश्यकतामा आधारित औषधि विवरण संकलन गरी  खरीद गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.** ९ माथि छलफल गर्दा आवश्यकता अनुसार कार्यपालिकाको वैठक वस्ने निर्णय  गरियो ।